## बैठक संख्या: ८०

आज मिति २०८३ साल साउन १४ गते बिहिबार दिउँसो ३:०० बजे माडी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, बसन्तपुर, चितवनको कार्यपालिका बैठक हलमा यस माडी नगरपालिका, चितवनको कार्यपालिकाको बैठक नगर प्रमुख श्री तारा कुमारी काजी महतोज्यूको अध्यक्षतामा देहायको उपस्थितिमा तपसिल अनुसारको निर्णयहरु गरियो ।

### उपस्थिति

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | तारा कुमारी काजी महतो | नगर प्रमुख | |
| २ | खेम प्रसाद महतो | नगर उपप्रमुख | |
| ३ | अमित कुमार लामा | वडाध्यक्ष, वडा नं. १ | |
| ४ | डण्डपाणी पौडेल | वडाध्यक्ष, वडा नं. २ | |
| ५ | पुरन महतो | वडाध्यक्ष, वडा नं. ३ | |
| ६ | माधव प्रसाद चापागाई | वडाध्यक्ष, वडा नं. ४ | |
| ७ | गणेश प्रसाद विश्वकर्मा | वडाध्यक्ष, वडा नं. ५ | |
| ८ | दीपेन्द्र राज पौडेल | वडाध्यक्ष, वडा नं. ६ | |
| ९ | चन्द्र कुमारी बानियाँ | वडाध्यक्ष, वडा नं. ७ | |
| १० | विरेन्द्र बहादुर भण्डारी | वडाध्यक्ष, वडा नं. ८ | |
| ११ | घनश्याम दवाडी | वडाध्यक्ष, वडा नं. ९ | |
| १२ | रिचा सुनार | कार्यपालिका सदस्य | |
| १३ | सविता महतो | कार्यपालिका सदस्य | |
| १४ | लक्ष्मी देवी भण्डारी | कार्यपालिका सदस्य | |
| १५ | सीता सुवेदी | कार्यपालिका सदस्य | |
| १६ | बिना थापा | कार्यपालिका सदस्य | |
| १७ | सन्तोष प्रसाद बोट | कार्यपालिका सदस्य | |
| १८ | कमल बहादुर भुजेल | कार्यपालिका सदस्य | |
| १९ | जगत प्रसाद भुसाल | प्रमुख प्रशासकीय अधिकृत | |

## ८० औं कार्यपालिका बैठकका निर्णयहरु

निर्णय नं. १

माडी नगरपालिका वडा नं. ९ स्थित जनजागृति आधारभूत विद्यालय भालुखोलाको शिक्षक नियुक्तिको परीक्षा सञ्चालनको क्रममा उत्पन्न विवाद समाधानका लागि नगर शिक्षा समितिको सिफारिस बमोजिम तपसिल बमोजिमको कार्यशर्तमा रही ५ दिन भित्र प्रतिवेदन पेश गर्ने गरी देहाय अनुसारको छानविन समिति गठन गर्ने।

देहाय (छानविन समिति)

१. दिपेन्द्र राज पौडेल (सामाजिक विकास समिति संयोजक) - संयोजक
२. पुरन महतो (वडा नं. ३ वडाध्यक्ष) - सदस्य
३. सीता सुवेदी (सुशासन तथा संस्थागत विकास समिति संयोजक) - सदस्य
४. नगर प्रमुखले तोकेको विषय विज्ञ - सदस्य
५. जिल्ला शिक्षा समन्वय इकाई चितवनको अधिकृतस्तरको प्रतिनिधि - सदस्य सचिव

यस सिमितिले आवश्यकता अनुसार अन्य जनप्रतिनिधि तथा विषयविज्ञलाई आमन्त्रण गर्न सक्नेछ।

तपसिल (कार्यशर्त)

१. परीक्षा सञ्चालनको क्रममा भएको वास्तविकताको वस्तुनिष्ठ अध्ययन गर्ने।
२. परीक्षाको क्रममा भएको त्रुटी कमजोरीलाई सच्याई सहजरुपमां नतिजा प्रकाशनको व्यवस्था मिलाउन प्रक्रियागत सिफारिस पेश गर्ने ।
३. नगर प्रमुख तथा उपप्रमुखसँग समन्वय गरी सम्बन्धित पक्षहरुसँग छलफल गरी वर्तमान समस्याको समाधान गर्ने ।

तारा कुमारी कसी महतो
नगर प्रमुख

जगत प्रसाद भुसाल
प्रमुख प्रशासकीय अधिकृत